# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३) काठमाडौं, जेठ २० गते २०५० साल (अतिरिक्ताङ्क १३


## भाग २

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

**श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बाइसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।**

२०४९ सालको ऐन नं ३

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध बिरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम्।

## उच्च माध्यमिक शिक्षा ऐन, २०४६ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : उच्च माध्यमिक शिक्षा ऐन, २०४६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८६

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बाईसौं वर्षमा संसदले यो ऐन बनाएकोछ।

१. संक्षिप्त नाम र प्रारम्भ :

१.१ यस ऐनको नाम "उच्च माध्यमिक शिक्षा (दोस्रो संशोधन) ऐन, २०४९" रहेकोछ।

१.२ यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. उच्च माध्यमिक शिक्षा ऐन, २०४६ को दफा २ मा संशोधन : उच्च माध्यमिक शिक्षा ऐन, २०४६ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को उपदफा २.३ पछि देहायको उपदफा २.३क. थपिकोछः-

"२.३क. "सभा" भन्नाले दफा ४क. बमोजिम गठित उच्च माध्यमिक शिक्षा सभा सम्झनु पर्छ।"

३. मूल ऐनको दफा ३ मा संशोधन : मूल ऐनको दफा ३ को सट्टा देहायको दफा ३ राखिएकोछः-

"३. उच्च माध्यमिक शिक्षा दिने विद्यालयले सम्बन्धन प्राप्त गर्नु पर्ने :

३.१ श्री ५ को सरकारबाट स्वीकृति प्राप्त माध्यमिक विद्यालयले तोकिएको शर्त पालन गरेमा परिषद्‌ले त्यस्तो माध्यमिक विद्यालयलाई उच्च माध्यमिक शिक्षा दिने विद्यालयको रूपमा सम्बन्धन प्रदान गर्न सक्नेछ।

३.२ उच्च माध्यमिक शिक्षा सञ्चालन गर्न चाहने कुनै व्यक्ति वा संस्थाले तोकिएको शर्त पालन गरेमा त्यस्तो व्यक्ति वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संस्थाद्वारा उच्च माध्यमिक शिक्षा दिनको लागि स्थापना गरिने विद्यालयलाई परिषद्‌ले सम्बन्धन प्रदान गर्न सक्नेछ।"

४. <u>मूल ऐनमा दफा ४क. र ४ख. थप</u> : मूल ऐनको दफा ४ पछि देहायका दफा ४क. र ४ख. थपिएका छन्:-

"४क. <u>उच्च माध्यमिक शिक्षा सभाको गठन</u> :

४क.१ उच्च माध्यमिक विद्यालयबाट दिइने शिक्षाको गुणस्तरको बृद्धि गर्ने र त्यस्ता विद्यालयहरू बीच समन्वय कायम गर्ने सम्बन्धमा नीति निर्धारणको लागि एक उच्च माध्यमिक शिक्षा सभाको गठन हुनेछ।

४क.२ उपदफा ४क.१ बमोजिमको सभामा देहाय बमोजिमका सदस्यहरू रहनेछन् :-

४क.२.१ शिक्षा, संस्कृति तथा समाजकल्याण मन्त्री वा राज्य मन्त्री - अध्यक्ष

४क.२.२ शिक्षाविद् मध्येबाट श्री ५ को सरकारले मनोनीत गरेको व्यक्ति - उपाध्यक्ष

४क.२.३ सभापति, जनसङ्ख्या तथा सामाजिक समिति, प्रतिनिधि सभा -सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

४क.२.४ राष्ट्रिय सभा र प्रतिनिधि सभाका सदस्यहरू मध्येबाट श्री ५ को सरकारले मनोनीत गरेका दुईजना -सदस्य

४क.२.५ सदस्य, राष्ट्रिय योजना आयोग (शिक्षा हेर्ने) -सदस्य

४क.२.६ सचिव, शिक्षा, संस्कृति तथा समाजकल्याण मन्त्रालय -सदस्य

४क.२.७ सचिव, अर्थ मन्त्रालय -सदस्य

४क.२.८ कानून बमोजिम स्थापित विश्वविद्यालयका उप-कुलपतिहरू -सदस्य

४क.२.९ सम्बन्धन प्राप्त उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापकहरू मध्येबाट श्री ५ को सरकारले मनोनीत गरेका पाँचजना -सदस्य

४क.२.१० नेपाल प्राध्यापक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

50

सङ्घको प्रतिनिधि
एकजना -सदस्य

४क.२.११ मान्यताप्राप्त
शिक्षक सङ्घ
सङ्गठनहरूका
सभापतिहरू
मध्येबाट
श्री ५ को सरकारले
मनोनीत गरेका
दुईजना -सदस्य

४क.२.१२ शिक्षाविद्हरू
मध्येबाट श्री ५ को
सरकारले मनोनीत
गरेका दुईजना -सदस्य

४क.२.१३ सम्बन्धन प्राप्त
उच्च माध्यमिक
विद्यालयलाई
चन्दा दिने
चन्दादाता तथा
संस्थापकहरू
मध्येबाट
श्री ५ को सरकारले
मनोनीत गरेको
एकजना -सदस्य

४क.२.१४ श्री ५ को
सरकारबाट



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मनोनीत
व्यक्ति -सदस्य-सचिव

४क.३ सभाका मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरू पुनः मनोनीत हुन सक्नेछन्।

४क.४ सभाको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

४ख. सभाको काम, कर्तव्य र अधिकारः

४ख.१ सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

४ख.१.१ परिषद्लाई मार्गदर्शन गर्ने,

४ख.१.२ परिषद्को नीति निर्धारण गर्ने र त्यसको प्रभावकारी कार्यान्वयनको व्यवस्था गर्ने, गराउने,

४ख.१.३ उच्च माध्यमिक शिक्षाको गुणस्तरमा विकास भए नभएको मूल्याङ्कन गर्ने, गराउने,

४ख.१.४ परिषद्को वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

४ख.१.५ दीर्घकालीन योजना तयार गर्न लगाउने र त्यसको कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाउने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४ख.१.६ परिषद् अन्तरगतका कुनै निकाय वा अधिकारीलाई आवश्यक निर्देशन दिने,

४ख.१.७ यो ऐन वा यस ऐन अन्तरगत बनेको नियममा तोकिएका अन्य कार्यहरु गर्ने, गराउने।"

५. मूल ऐनको दफा ५ मा संशोधन : मूल ऐनको दफा ५ को सट्टा देहायको दफा ५ राखिएकोछः-

"५. उच्च माध्यमिक शिक्षा परिषद्को गठन, काम, कर्तव्य र अधिकार :

५.१. उच्च माध्यमिक शिक्षा सभाको कार्य सञ्चालन गर्नको लागि देहाय बमोजिमको एक उच्च माध्यमिक शिक्षा परिषद् गठन हुनेछ :-

५.१.१ सभाको अध्यक्ष - अध्यक्ष

५.१.२ सभाको उपाध्यक्ष - उपाध्यक्ष

५.१.३ सभाको सदस्यहरु मध्येबाट सभाको सिफारिशमा अध्यक्षले मनोनीत गरेका चारजना - सदस्य

५.१.४ सभाको सदस्य-सचिव - सदस्य-सचिव

५.२ परिषद्मा मनोनीत सदस्यहरुको पदावधि चारवर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरु पुनः मनोनीत हुन सक्नेछन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५.३ परिषद्को काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

५.४ परिषद्को उपाध्यक्षको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्तहरू तोकिए बमोजिम हुनेछन्।

५.५ परिषद्को बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।"

६. <u>मूल ऐनमा दफा १०क. थप</u> : मूल ऐनको दफा १० पछि देहायको दफा १०क. थपिएकोछः-

"१०क. <u>आर्थिक स्रोत जुटाउने अधिकार</u> : परिषद्ले आफ्नो काम सुचारूरूपले सञ्चालन गर्न आवश्यक पर्ने रकमको लागि श्री ५ को सरकारको पूर्व स्वीकृति लिई ऋण लिन, अनुदान प्राप्त गर्न वा अन्य कुनै किसिमबाट आर्थिक स्रोत जुटाउन सक्नेछ।"

७. <u>मूल ऐनको दफा १३ मा संशोधन</u> : मूल ऐनको दफा १३ को;-

(१) उपदफा १३.१ मा रहेका "त्रिभुवन विश्वविद्यालय" भन्ने शब्दहरूको सट्टा "नेपाल अधिराज्यका विश्वविद्यालयहरू" भन्ने शब्दहरू राखिएकाछन्।

(२) उपदफा १३.२ को सट्टा देहायको उपदफा १३.२ राखिएकोछः-

"१३.२ विश्वविद्यालय सम्बन्धी प्रचलित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

58

कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएको क्षेत्रमा त्रिभुवन विश्वविद्यालय र अन्य विश्वविद्यालयहरूले प्रवीणता प्रमाणपत्र तहको कक्षा सञ्चालन गर्न कुनै शैक्षिक निकायलाई स्वीकृति वा सम्बन्धन दिन सक्ने छैनन्।"

८. मूल ऐनको दफा १४ मा संशोधन : मूल ऐनको दफा १४ मा रहेका "क्षेत्रीय शिक्षा निरीक्षक" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय शिक्षा निर्देशक" र "जिल्ला शिक्षा निरीक्षक" भन्ने शब्दहरूको सट्टा "जिल्ला शिक्षा अधिकारी" भन्ने शब्दहरू राखिएकाछन्।

९. मूल ऐनमा दफा १८ थप : मूल ऐनको दफा १७ पछि देहायको दफा १८ थपिएकोछः-

"१८. श्री ५ को सरकारसंग सम्पर्क : परिषद्‌ले श्री ५ को सरकारसङ्ग सम्पर्क राख्दा शिक्षा, संस्कृति तथा समाजकल्याण मन्त्रालय मार्फत राख्नु पर्नेछ।"

लालमोहर सदर मितिः– २०५०।२।२०।४

आज्ञाले,
वेदव्यास क्षेत्री
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।